**नेपाल सरकार**

**ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय**

**वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र**

**काठमाडौं म.न.पा, वडा नं. १०, मध्ये बानेश्वर, काठमाडौं, नेपाल**

**फोन: +९७७-१-४४९८०१३/१४**

**इमेल: info@aepc.gov.np , वेवसाइट: www.aepc.gov.np**

# विद्युतको पहुँच नपुगेका सार्वजनिक संस्थाहरुमा संस्थागत सौर्य ऊर्जा प्रणाली जडानका लागि आवेदन आह्वान सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति : २०७७/०४/०४**

नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, वैकल्पिक ऊर्जा प्रर्वद्धन केन्द्र तथा जर्मन सहयोग नियोग अर्न्तगत, KFW को आर्थिक सहयोगमा कार्यान्वयन हुने आ.व. २०७७/७८ को वार्षिक कार्यक्रम अनुसार संस्थागत सौर्य ऊर्जा प्रणाली (Institutional Solar Photovoltaic System-ISPS) जडानको आवेदन आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| कार्यक्रमको विवरण | प्रणाली जडानका लागि योग्य संस्था | आवश्यक कागजातहरु |
|---|---|---|
| संस्थागत सौर्य ऊर्जा प्रणाली जडान (ISPS) | राष्ट्रिय प्रशारण लाइन वा अन्य कुनै पनि माध्यमबाट विद्युतीकरण नभएका स्थानीय तह (पालिका तथा सो अन्तर्गतका वडा कार्यालय), सामुदायिक एवं सार्वजनिक विद्यालय/क्याम्पस/विश्वविद्यालय र स्वास्थ्य संस्था | १. सम्बन्धित संस्थाको निवेदन ।<br>२. केन्द्रले तयार गरेको ढाँचामा आवेदन फाराम ।<br>३. सम्बन्धित स्थानीय तहको सिफारिस । |

संस्थागत सौर्य ऊर्जा प्रणाली जडान गर्न इच्छुक स्थानीय तह (पालिका तथा सो अन्तर्गतका वडा कार्यालय), सामुदायिक एवं सार्वजनिक विद्यालय/क्याम्पस/विश्वविद्यालय र स्वास्थ्य संस्थाहरुबाट माथि उल्लिखित कागजात संलग्न गरी **मिति २०७७ साल भदौ ८ गते कार्यालय समय भित्र** यस केन्द्रमा निवेदन पेश गर्नुपर्नेछ । उल्लिखित कार्यक्रम नवीकरणीय ऊर्जा अनुदान नीति, २०७३ तथा नवीकरणीय ऊर्जा अनुदान परिचालन कार्यविधि २०७३ बमोजिम कार्यान्वयन गरिनेछ । आवेदन फाराम तथा कार्यक्रम सम्बन्धी सम्पूर्ण जानकारी केन्द्र/सौर्य तथा वायु ऊर्जा शाखा तथा केन्द्रको वेवसाइटबाट निःशुल्क प्राप्त गर्न सकिनेछ .।